# नेपाल राष्ट्र बैंक
## वित्तीय संस्था सुपरिवेक्षण विभाग

केन्द्रीय कार्यालय
वालूवाटार, काठमाण्डौ
फोन नं : ४१४९९६
फयाक्स : ४१५१५८
E-mail : nrbfisd@nrb.org.np
Web Site : www.nrb.org.np
टेलिग्राम "रावा"
टेलेक्स: २२०७ रावा एनपी
पोष्ट बक्स : ७३


प.सं.: वि.सं.सु.वि. /५३/२०६५।६६

मितिः २०६५।४।२८

श्री ईजाजतप्राप्त "ग" वर्गका वित्तीय संस्थाहरु ।

**विषय: वार्षिक साधारण सभाको प्रयोजनका लागि वित्तीय विवरण स्वीकृति सम्बन्धमा**

महाशय,

वित्तीय संस्थाहरुले वार्षिक साधारण सभाको प्रयोजनका लागि प्रत्येक आर्थिक वर्षको वित्तीय विवरणहरु यस बैंकबाट स्वीकृत भएपश्चात् मात्र प्रकाशन गर्नुपर्ने व्यवस्था रहेको अवगतै छ । यसै सन्दर्भमा उक्त व्यवस्थालाई निरन्तरता दिंदै यस विभागमा प्रेषित गरिने विवरणहरुको सूचीमा केही परिमार्जन गरिएको हुंदा आ.व. २०६४।६५ देखि लागू हुनेगरी देहायबमोजिमका विवरणहरु यस विभागमा पेश गर्नुपर्ने व्यवस्था गरिएको व्यहोरा निर्णयानुसार जानकारी गराइन्छ ।

१. प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन ।
२. प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनउपर सञ्चालक समितिको प्रतिक्रिया ।
३. बाह्य लेखापरीक्षण प्रतिवेदन ।
४. बाह्य लेखापरीक्षकद्वारा प्रमाणित एकीकृत निर्देशन नं. ४ अनुसार तोकिएका वित्तीय विवरण तथा अनुसूचीहरु ।
५. लङ्गफर्म अडिट रिपोर्ट ।
६. अपलेखन गरिएका कर्जाहरुको साँवा तथा व्याजको विवरण ।
७. कर्जा नोक्सानी व्यवस्था Write back गरेको भए सोको विवरण ।
   (पुनर्तालिकीकरण/पुनर्संरचनाका कारण कर्जा नोक्सानी व्यवस्था Write back गरिएको भए सो समेत) ।
८. पुनर्तालिकीकरण/पुनर्संरचना गरिएका सम्पूर्ण कर्जाहरुको विवरण ।
९. गैरबैंकिङ्ग सम्पत्ति तथा सोको नोक्सानी व्यवस्था विवरण ।
१०. प्रतिग्राहक कर्जा सीमाभन्दा बढी हुने गरी प्रवाह भएको भए त्यस्ता कर्जा सुविधाको विवरण ।
११. समुहगत कर्जा सुविधाको विवरण ।
१२. पूँजी योजनाको अद्यावधिक प्रगति विवरण ।
१३. गत आर्थिक वर्षमा खोलिएका नयाँ शाखा तथा रेमिटान्स काउण्टरको विवरण ।

विगतमा झैं उपर्युक्त बमोजिमका वित्तीय विवरणहरु बाह्य लेखापरीक्षकबाट अन्तिम लेखापरीक्षण कार्य समाप्त भएपछि गैरस्थलगत सुपरिवेक्षणका लागि यस विभागमा पठाउनु पर्ने व्यवस्था यथावत रहेको छ । वित्तीय विवरणहरुलाई स्वीकृति प्रदान गर्नुअघि आवश्यकतानुसार विभागमा छलफल गर्ने व्यवस्था मिलाइएको छ । वित्तीय विवरणको प्रस्तुती र यथार्थतामा असर पर्ने देखिएमा सोलाई सार्वजनिक जानकारीको लागि प्रकाशन गर्नेगरी सहमति प्रदान गरिने व्यहोरा समेत जानकारी गराउंदछु ।

यस विभागको मिति २०६४।४।३० को पत्रबाट दिइएको निर्देशन खारेज गरिएको छ ।

कृपया पत्रको पहुँच दिनहुन अनुरोध छ ।

भवदीय,

(भोलाराम श्रेष्ठ)
कार्यकारी निर्देशक

बोधार्थ:
१. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
२. श्री नेपाल वित्त कम्पनी संघ, बागदरवार विजनेस कम्प्लेक्स, सुन्धारा, काठमाडौं ।